बैठक संख्या: १०९ औं

मिति २०८२/१०/१२ गते सोमबार दिउँसो ०१:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री सुदन के.सी | सदस्य/कार्यवहाक वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८४१४०२७८० | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको १०९ औं (मिति २०८२/१०/१२) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/०९/२८ गते बसेको कार्यपालिकाको १०८ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिका अन्तर्गतका कार्यालयहरुद्वारा आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिसम्म सम्पादित क्रियाकलापहरुको समीक्षा गरियो। |
| निर्णय नं ३: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को पुष महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ४: | चालु आ व २०८२/०८३ को संघीय स्वीकृत वार्षिक कार्यक्रम अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालयबाहिर रहेका बालबालिका, सीमान्तकृत, अपाङ्गता लगायत समता सूचकमा पछाडि परेका बालबालिकालाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्म अन्तर्गत चालु आ व भित्र नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको घोषणा गर्ने गरी घरधुरी सर्वेक्षण कार्य प्रारम्भ गरी सकेकोले शिक्षा विकास निर्देशनालय हेटौडाको मिति २०८२/०९/२९ गते प्रकाशित सूचना अनुसार अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको स्थानीय तह घोषणा अनुदान कार्यकमका लागि शिक्षा विकास निर्देशनालय हेटौडामा प्रस्ताव पेश गर्ने तथा घोषणाको प्रतिवद्धता सहित सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | भू उपयोग वर्गीकरणको लागि तयार भएको सबै वडाहरुको कित्तागत विवरण भू उपयोग परिषद्मा पेश गर्ने र भू उपयोग परिषद्बाट निर्णय भएअनुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ६: | मिति २०८२/१०/१८ गते श्री माधवनारायण स्वस्थानी व्रत मेलाको समापनको उपलक्ष्यमा यस नगरपालिका अन्तर्गत रहेका अत्यावश्यक बाहेकका कार्यालयहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय विदा दिने निर्णय गरियो। |
| निर्णय नं ७: | खुल्ला जिमका सामनहरु खरिद तथा जडानको लागि मिति २०८२/११/२९ गते सम्म म्याद थप गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ९: | शंखरापुर नगरपालिका वड नं. ८ को च.नं. ९४७ मिति २०८२/१०/११ गतेको सिफारिस बमोजिम वडा नं. ८ निवासी रिकेश पुतुवारलाई रु ५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | यस नगरपालिकाको लागत साझेदारीमा संचलान हुने पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ पारित गर्ने निर्णय गरियो। |

शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

**निर्णय नं ११:** यस नगरपालिकाको वडा नं ४ को कार्यालयको च.नं. ६७९ मिति २०८२/१०/११ को पत्रबाट ४ नं वडा कार्यालयको भवन मर्मत गर्नका लागि रकम रु दस लाख निर्मित भवनको संरचनात्मक सुधार खर्च शीर्षकबाट विनियोजन गरी रु दश लाखबाट निर्माण कार्य गर्ने निर्णय गरियो।

**निर्णय नं १२:** आगामी आ.व.२०८३/८४ को लागि सङ्घीय समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाबाट देहाय बमोजिमको श्रोत व्यवस्थापन गर्ने गरी तपसिलमा उल्लेखित क्रम संख्या बमोजिम नै प्राथमिकताक्रम रहने गरी सङ्घीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको **online portal** मा प्रविष्टि गर्ने निर्णय गरियो।

तपसिलः

सङ्घीय समपुरक अनुदानमा प्रस्ताव गरिएका प्राथमिकताक्रम बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | संघीय सरकारबाट व्यहोर्ने रुकम रु | नगरपालिकाबाट व्यहोर्ने रकम रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|---|---|
| १. | देउराली स्कुलडाँडा पटाप सडक | वडा नं २ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | क्रमागत |
| २. | काफ्लेडाँडा मेघीघर मणिचुड सडक | वडा नं ८ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |
| ३. | मणिचुड स्कूल वडा कार्यालय सडक | वडा नं ८ | ४,००,००,००० | १,६०,००,००० | २,४०,००,००० | नयाँ योजना |

सङ्घीय विशेष अनुदानमा प्रस्ताव गरिएका प्राथमिकता बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|
| १. | वडा नं ८ र ९ बृहत खानेपानी | वडा नं ८ र ९ | १,००,००,००० | क्रमागत |
| २. | भाग्योदय मा.वि.भवन निर्माण | वडा नं ६ | १,००,००,००० | क्रमागत |
| ३. | साँखु खानेपानी भवन निर्माण | वडा नं ६ र ७ | १,००,००,००० | नयाँ योजना |

**निर्णय नं १३:** आगामी आ.व.२०८३/८४ को लागि बागमती प्रदेशमा समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाबाट देहाय बमोजिमको श्रोत व्यवस्थापन गर्ने गरी तपसिल बमोजिमको प्राथमिकताक्रम रहने गरी योजनाहरु सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः

बागमती प्रदेश समपुरक अनुदानमा प्रस्ताव गरिएका प्राथमिकताक्रम बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | प्रदेश सरकारबाट व्यहोर्ने रुकम रु | नगरपालिकाबाट व्यहोर्ने रकम रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|---|---|
| १. | कृष्णभक्त मार्ग | वडा नं ३ | ३,००,००,००० | १,२०,००,००० | १,८०,००,००० | क्रमागत योजना |
| २. | फेदी बुर्कुमाला बैरमहादेव चियाबगान चौकीभन्ज्याङ झुले सडक | वडा नं ४ | ३,००,००,००० | १,२०,००,००० | १,८०,००,००० | क्रमागत योजना |
| ३. | खुलालटार सानागाउँ उखुटार सडक | वडा नं ९ | ३,००,००,००० | १,२०,००,००० | १,८०,००,००० | नयाँ योजना |

बागमती प्रदेश विशेष अनुदानमा प्रस्ताव गरिएका प्राथमिकता बमोजिमका योजनाहरु

| क्र.सं | योजनाको विवरण | योजना कार्यान्वयन हुने वडा | कुल लागत रु. | क्रमागत/नयाँ योजना |
|---|---|---|---|---|
| १. | शंखरापुर ४ वृहत खानेपानी | वडा नं ४ | १,००,००,००० | क्रमागत योजना |
| २. | शंखरापुर ३ वृहत खानेपानी | वडा नं ३ | १,००,००,००० | क्रमागत योजना |
| ३. | चापाबोट मा वि भवन निर्माण | वडा नं ४ | १,००,००,००० | नयाँ योजना |

**निर्णय नं १४** नेपाल सरकार सडक बोर्ड नेपालको प.सं. २०८२/०८३ च.नं.६७८ मिति २०८२/०९/२८ को प्राप्त पत्र बमोजिम आ.व. २०८२/८३ को लागि तीस लाख स्वीकृत भई आएको हुँदा उक्त बजेटबाट यस नगरपालिका वडा नं. १ स्थित "जगते चौकिभन्ज्याङ झुले सडक" शीर्षकमा योजना कार्यान्वयन गर्न कुल लागत अनुमान "भ्याट कन्टेन्जेन्सी पि एस सहित) रु ५९,९९,९००.१०/- तयार भएको हुँदा सडक बोर्डबाट प्राप्त हुने रु ३०,००,०००/- र यस नगरपालिकाको समपुरक कोषबाट बाँकी रकम २९,९९,९००.१०/- स्रोत सुनिश्चितता सहित वार्षिक कार्यक्रम स्वीकृत गरी सडक बोर्ड नेपाललाई प्रक्रिया अगाडि बढाउन पत्राचार गर्ने निर्णय गरियो।

<u>अनुसूची १</u>

<u>शंखरापुर नगर कार्यपालिकाको १०८ औं (मिति २०८२/०९/२८) बैठकका निर्णयहरुको समीक्षा</u>

| निर्णय नं | निर्णयको संक्षिप्त बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं २: | यस नगरपालिकाको भू-उपयोग वर्गीकरणको प्रतिवेदन छलफल गरी भू-उपयोग परिषदको आगामी बैठकमा पेश गर्ने | कार्यान्वयनको चरणमा |
| निर्णय नं ४: | स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउने। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ५: | आगामी तीन आ.व. को अनुसूची ३ बमोजिमको आय तथा व्यय प्रक्षेपण गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग , सङ्घीय अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई राजस्व तथा बजेट आकार सिफारिस गर्ने | सम्पन्न |
| निर्णय नं ६: | यस नगरपालिकाका १ देखि ९ सम्मका वडा कार्यालयहरुबाट सङ्कलित निवेदनानुसार २६ जना भूमिहिन दलित, ८२ जना भूमिहिन सुकुम्बासी र २०३ जना अव्यवस्थित बसोबासी गरी जम्मा ३११ जना निवेदकहरुको निवेदन तथा यस नगरपालिकाको ७ नं वडा कार्यालयको प.सं. ०८२/८३ च.नं. २२८ मिति २०८२/०५/२२ को उजुरी सिफारिस पत्रानुसार मिति २०८२/०५/११ मा नर बहादुर श्रेष्ठ समेतले वडा नं ७ अव्यवस्थित बसोबासी मध्ये सि.नं. ६ को प्रेम कट्टेल/दुर्गा कट्टेल रिमालको निवेदन दर्ता नं ७-AB–०००६ र भोग चलन गरेको जग्गाको कित्ता कोड ७-AB-०००६० लाई उजुरी परेको सम्बन्धमा जिल्ला समिति भूमि समस्या समाधान आयोग काठमाडौंलाई आवश्यक छानविन गरी प्रक्रिया अगाडि बढाउन तथा प्राप्त निवेदनहरु उपर नियमानुसार प्रक्रिया अगाडि बढाउन सिफारिस गर्ने | सम्पन्न |
| निर्णय नं ७: | नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत गरिब पहिचान तथा मापदण्ड शाखा मार्फत प्राप्त अनुसूची ४ बमोजिमको गरिब घर परिवारको सूची सम्बन्धमा नेपाल सरकारको नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सिफारिस गर्ने | सम्पन्न |
| निर्णय नं ८: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराई कार्यान्वयन गर्ने | सम्पन्न |
| निर्णय नं ९: | यस नगरपालिकामा कार्यरत जम्मा ९७ जना करार कर्मचारीहरुको आ.व. २०८२/८३ का लागि मिति २०८२ माघ १ देखि २०८३ असार मसान्त सम्मको लागि म्याद थप गर्ने | सम्पन्न |

शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| निर्णय नं १० | यस नगरपालिकाको वडा नं ८ स्थित श्री मणिचूड बृहत् खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा श्री मणिचूड बृहत् खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, शंखरापुर – ८ दर्ता गर्ने | सम्पन्न |
| निर्णय नं ११ | यस नगरपालिकाको वडा नं ४ स्थित भट्टराइ टोलमा गोरेटो बाटो तथा ढुङ्गेधारा निर्माणको लागि सिफारिस भई आएकोले नगर भैपरी कोषबाट रु पाँच लाख विनियोजन गर्ने | सम्पन्न |
| निर्णय नं १२ | १ नं वडा कार्यालय तथा नाङ्गलेभारे स्वास्थ्य चौकीमा खानेपानीको व्यवस्थापनको लागि टयाङ्की तथा अन्य पूर्वाधार निर्माणको लागि चालु आ.व. २०८२/८३ को १ नं वडा स्तरीय स्वास्थ्य व्यवस्थापन शीर्षकमा विनियोजन भएको रकम रु दुई लाखमा नपुग हुने थप रकम रु आठ लाख निर्मित भवनको संरचनात्मक सुधार खर्च शीर्षकबाट विनियोजन गरी रु दश लाखबाट निर्माण कार्य गर्ने | कार्यान्वयनको चरणमा |
| निर्णय नं १३ | आगामी आ.व. २०८३/८४ को लागि सङ्घ तथा प्रदेश सरकारमा समपुरक तथा विशेष अनुदानको लागि योजनाहरु आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने | सम्पन्न |
| निर्णय नं १४ | "Upgrading of Chaukibhanjyang Gurung Gau Sadak (SMO/82-83/10)" शीर्षक योजनाको मिति २०८२/११/३० सम्म म्याद थप गर्ने | सम्पन्न |

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

# अनुसूची २

## शंखरापुर नगरपालिका

## साँखु, काठमाण्डौ

## योजना अनुगमन तथा सुपरिबेक्षण समिति

## आ.ब. २०८२।८३ पुष महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख,(५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को पुष महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- **Quality** र **Quantity** दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरिएका योजनाहरु २०८३ बैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.सं. | वडा | योजनाको विवरण | रकम रु (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ७ | मनमत्ता सँगै नयाँटोल प्रमिला घरपट्टी बाटो निर्माण | ७०० | |
| २ | ८ | सातपाते सिंखडा बाटो निर्माण | ८०० | |
| ३ | ८ | बज्रयोगिनी मन्दिर परिसर पूर्वाधार | २५०० | |
| ४ | ८ | उग्रतारा मा.बि. ब्लक छाप्ने | २०० | |
| ५ | १ | नाङ्ले प्रहरी चौकी झ्याल ढोका | २०० | |

शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँखु, काठमाडौं बागमती प्रदेश, नेपाल २०६२

| | | | | |
|---|---|---|---|---|
| ६ | ८ | नयाँगाउ तोरी सौरा सडक | २५० | |
| ७ | ३ | राक्सी पहरा ढोक्सान साँगाचोक काफलचौर सोझे सडक | १३२०३ | दो.रनिङ |
| ८ | ८ | कार्कीचोक भुल्भु मोक्तानटोल सडक | २३५५ | |
| ९ | ४ | साँखु बज्रयोगिनी घुमारचोक डाडाकटेरी चौकी भन्ज्याङ सडक | ० | काम सुधार गर्न लगाईएको |
| १० | ३ | चाचाखला चिहानडाँडा सडक | ३७३५ | |
| ११ | २ | नेसुरटोल कोर्पुचे सडक | १०५७ | |
| १२ | २ | बाटो सरसफाई | ५०० | |
| १३ | २ | चिहानडाँडा सिंचाई पोखरी | ३०० | |
| | | जम्मा | २५८०० | |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।९।३० | मितिः २०८२।९।३० |